**घ्याङलेख गाँउपालिका र नेपाल स्वास्थ्यको लागि पानी (नेवा) बीच खानेपानी तथा सरसफाइ आयोजना संचालन सम्वन्धी**
**द्विपक्षीय समझदारी पत्र**

आज मिति २०७८/०५/२० गते का दिन बागमती प्रदेश, सिन्धुली जिल्ला अन्तर्गत **घ्याङलेख गाँउपालिका** (गा.पा.) र नेपाल स्वास्थ्यको लागि पानी (नेवा) बीच तपसीलका खानेपानी तथा सरसफाइ आयोजनाहरु संचालनको लागि तपसीलमा उल्लेखित जिम्मेवारी तथा शर्तहरुमा सहमत भई यो समझदारी पत्रमा हस्ताक्षर गरिएको छ ।

तपसील

१) आयोजनाको अवधि: २०७८/०४/१७ देखि २०७९/०४/१५ सम्म (१ अगष्ठ २०२१ देखि ३१ जुलाई २०२२ )

२) संचालन हुने आयोजनाहरुको संक्षिप्त विवरण:

| क्र.स. | आयोजनाहरुको नाम | वडा नं. | घरधुरी संख्या | जन संख्या | धारा संख्या | विद्यालय संख्या | विद्यार्थी संख्या | अन्य सेवा केन्द्र | लाभान्वित जनसंख्या | जम्मा लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पंधेरा खोला | ५ | ५१ | ३०२ | ४२ | १ | १०३ | १ | २५ | ४३० |
| २ | रामपुर भन्ज्याङ | ५ | ४४ | २४० | ३५ | १ | ८८ | – | – | ३२८ |
| ३ | रातु | ५ | ४८ | २९८ | २८ | १ | ७७ | – | – | ३७५ |
| ४ | खपटेगैरी | ५ | ३८ | २१३ | ३० | – | – | – | – | २१३ |
| ५ | पाखुरे | ५ | ३३ | १९३ | २३ | १ | १२० | – | – | ३१३ |
| **जम्मा** | | | २१४ | १२४६ | १५८ | ४ | ३८८ | १ | २५ | १६५९ |

**३) मुख्य क्रियाकलापहरु:**

माथि उल्लेखित आयोजनाहरुमा खानेपानी, सरसफाई, स्वच्छता र समुदाय परिचालन तर्फ निम्न बमोजिमका क्रियाकलापहरु संचालन गरिनेछ ।

**३.१) खानेपानी तर्फका क्रियाकलापहरु**

| क्रियाकलाप | संख्या/इकाई | क्रियाकलाप | संख्या/इकाई |
|---|---|---|---|
| मुल (स्प्रीङ्ग) इन्टेक | १३ | जम्मा पाइपलाईन | ५०१५३ |
| खोल्सी (स्ट्रिम) इन्टेक | – | जम्मा धाराहरु | १५८ |
| पानी शुद्धीकरणका संरचनाहरु | – | सामुदायिक धारा | १५३ |
| बि.पि.टि./कलेक्सन च्याम्बर | २ | नीजी धारा | – |
| पानी वितरण ट्याङ्की | – | विद्यालय धारा | ४ |
| पानी वितरण/पानी जम्मा गर्ने तथा पानी जम्मा गर्ने ट्याङ्की | २६ | स्वास्थ्य सेवा केन्द्र धारा | १ |
| | | ट्यांकी सहितको धारा | – |

**३.२) सरसफाई तर्फका क्रियाकलापहरु**

| क्रियाकलाप | संख्या/इकाई | क्रियाकलाप | संख्या/इकाई |
|---|---|---|---|
| ठोस फोहर व्यवस्थापन गर्ने संख्या | १७० | हात धुने स्थान | १७० |
| भाडाँ सुकाउने चाङ संख्या | २१४ | स्वच्छ तथा सरसफाइ युक्त समुदायको सूचक बोर्ड | ५ |
| भाडाँ धुने स्ल्याव संख्या | १७० | स्वच्छ तथा सरसफाइ युक्त समुदाय घोषणा | ५ |

**३.४) स्वच्छता तर्फका क्रियाकलापहरु**

| क्रियाकलाप विवरण | संख्या/इकाई | क्रियाकलाप विवरण | संख्या/इकाई |
|---|---|---|---|
| टोल शिक्षाको जम्मा सत्रहरु | २५ | सरसफाइ तथा स्वच्छता सम्वन्धी अभियान | २० |
| विद्यालयमा सरसफाइ तथा स्वच्छता शिक्षाको जम्मा सत्रहरु | २० | सरसफाइ तथा स्वच्छता सम्वन्धी जनचेतना मुलक भित्ते लेखन | ३० |
| सामुदायिक बाल स्वास्थ्य समुह शिक्षाको जम्मा सत्रहरु | ५ | | |

३.५)  समुदाय परिचालन तर्फका क्रियाकलापहरु

| क्रियाकलाप विवरण | संख्या/इकाई | क्रियाकलाप विवरण | संख्या/इकाई |
|---|---|---|---|
| खानेपानी तथा सरसफाइ उपभोक्ता समिति तालिम | ५ | सामुदायिक सरसफाइ तथा स्वच्छता स्वयमसेवक छनौट तथा तालिम | ५ |
| बाल स्वास्थ्य चेतना समूह गठन तथा तालिम | ४ | सामुदायिक सरसफाइ तथा स्वच्छता स्वयमसेवक कार्यशाला गोष्ठी | ५ |
| विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समिति गठन तथा तालिम | १ | मर्मत कार्यकर्ता तालिम | ५ |
| सामुदायिक बाल स्वास्थ्य समुह गठन तथा तालिम | १ | आयोजनाको सामाजिक नक्सा तथा आयोजना विवरण प्रर्दशन वोर्ड | ५ |

४) अनुमानित बजेट :

| क्र.स. | आयोजनाको नाम | मुहानको नाम | जन श्रमदानको रुपान्तरीत रु. | समुदायको नगद योगदान रु. | गाउँपालिकाको समपुरक कोष रकम रु. | नेवाको सहयोग रु. | जम्मा आयोजनाको अनुमानित लागत |
|---|---|---|---|---|---|---|---|
| १ | पंधेराखोला | १. खानीखोला<br>२. माथिल्लो पंधेरा<br>३. तल्लो पंधेरा | १,०३२,७७३ | – | ३६३,९६७ | २,८६८,२६९ | ४,२६५,००९ |
| २ | रामपुर भन्ज्याङ्ग | १. घोप्टे गैरी<br>२. टारी मुल | ९८२,६१८ | – | ४०६,१९३ | २,५०५,५२४ | ३,८९४,३३५ |
| ३ | रातु | १. सईटार खोल्सी<br>२. सान्दाने गैरा | १,०६५,८५१ | – | ३८०,८४९ | २,६८०,२९१ | ४,१२६,९९१ |
| ४ | खपटे गैरी | १. खप्टे गैर<br>२. सिनार गैरी<br>३. सिस्ने गैरी | ८०३,३८८ | – | ३६०,००० | १,९०१,५५० | ३,०६४,९३८ |
| ५ | पाखुरे | १. बाल्वावती गैरी<br>२. पाखुरे खोला | ५३६,३३८ | – | ३३७,१९६ | १,५००,६०६ | २,३७४,१४० |
| जम्मा | | | ४,४२०,९६८ | – | १,८४८,२०५ | ११,४५६,२४० | १७,७२५,४१३ |

५. नेपाल स्वास्थ्यको लागि पानी (नेवा)का जिम्मेवारीहरु :

१. आयोजनाहरुको प्रस्तावित मुहानहरुमा कुनै विवाद नभएको भनी गाउँपालिकावाट प्रमाणित गरेको पत्र प्राप्त भएपछि नेवाद्वारा आयोजनाहरुको कार्य संचालन गरिनेछ ।

२. गाउँपालिकालाई आयोजनाहरुको कुल अनुमानित लागतको आधारमा समपुरक कोष रकम विनियोजन गर्न समन्वयकारी भूमिका निर्वाह गर्नेछ । साथै सो रकम खा.स.उ.स. मार्फत तोकिएको शीर्षकमा खर्च गराईनेछ ।

३. सम्वन्धित वडाले आवश्यकता अनुसार छनोट गरी सिफारिस गरेका आयोजनाहरुमा आवश्यक पर्ने स्थानीय कर्मचारी (आयोजना सहायक र आयोजना प्रवर्धक मध्ये एक जना) लाई आवश्यक तालीम उपलव्ध गराउनेछ । साथै निजहरुको नियमानुसारको पारिश्रमिक व.स.स.को खातामा निकासा गरिनेछ ।

४. आयोजनाको व्यवस्थापन, संचालन र कार्यान्वयन गर्न सम्वन्धित वडा स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समिति (व.स.स.) र खानेपानी तथा सरसफाइ उपभोक्ता समिति (खा.स.उ.स.) हरुलाई आवश्यक आर्थिक एवं प्राविधिक सहयोग र क्षमता अभिवृद्धिका तालिमहरु प्रदान गरिनेछ ।

राम कुमार
प्रमुख प्रशासकीय

NEWAH
Nepal Water for Health

५. महिला पुरुष सम विकास तथा सामाजिक समावेशीकरण, गरीबी संवेदनशीलता, सहभागिता, पारदर्शिता जस्ता सुशासनका पद्धतिलाई जोड दिने छ । आयोजनासंग सम्वन्धित स्थानीय स्तरमा हुने रोजगारीमुलक कार्यहरुमा महिला तथा विपन्न वर्गका व्यक्तिहरुलाई प्राथमिकता दिनेछ। समान कामको लागि समान ज्यालाको सुनिश्चितता गरिनेछ।

६. आबश्यकता अनुसार स्थानीय स्तरमा तालिम दिन, निर्माण कार्यको सुपरिवेक्षण गर्न, आयोजना संचालन तथा अन्य सहयोग गर्नका साथै प्राविधिक समस्या समाधान गर्न प्राविधिक कर्मचारी र सरसफाइ तथा स्वच्छता सम्वन्धी क्रियाकलापमा सहजीकरण/सहयोग गर्ने, सरसफाइ तथा स्वच्छता विषयमा समुदायमा तालिम तथा शिक्षा दिने कर्मचारीको व्यवस्था गरिनेछ।

७. आयोजनामा निर्धारण भएको विभिन्न सरसफाइ तथा स्वच्छता समिति गठन र सामुदायिक सरसफाइ तथा स्वच्छता स्वयंसेवक छनौटको लागि सहजीकरण तथा सहयोग गर्नेछ। साथै विभिन्न सरसफाइ तथा स्वच्छता समिति सदस्यहरु र सामुदायिक सरसफाइ तथा स्वच्छता स्वयंसेवकलाई सरसफाइ तथा स्वच्छता सम्वन्धी आवश्यक तालिम उपलब्ध गराईनेछ।

८. खानेपानी तथा सरसफाई आयोजनामा छनौट भएका मर्मत कार्यकर्ताहरुलाई तालिम उपलब्ध गराईनेछ। यसका साथै खानेपानी आयोजनाको दिगोपनाको लागि अनिवार्य मर्मत कार्यकर्ता नियुक्ति एवं मासिक तलव भुक्तानीको लागि समितिलाई अभिप्रेरित गराईनेछ र मर्मत कार्यकर्ताले गर्नु पर्ने कार्यको विवरण उपलब्ध गराईनेछ।

९. समुदायको सरसफाई र स्वच्छता सम्वन्धी व्यवहारमा सकारात्मक दिगो परिवर्तन ल्याउन उपभोक्ताहरुको समुह र सम्झौता अनुसार गठित सरसफाइ तथा स्वच्छता समिति सदस्यहरुलाई शिक्षा मार्फत अभिप्रेरित गरिने छ र सम्झौतामा उल्लेखित स्वच्छता तथा सरसफाई तर्फका क्रियाकलापहरु पुरा गर्न तथा खेर गएको पानीको व्यवस्थापन गर्न समुदायलाई प्रोत्साहित गरिनेछ।

१०. सफा र स्वच्छ समुदाय घोषणाको लागि खा.स.उ.स. र व.स.स. लाई उत्तरदायी बनाइ सफा र स्वच्छ समुदाय घोषणाको सूचकहरु तयार गर्न सहजीकरण गरिनेछ र सूचक अनुसारको लक्ष्यलाई पुरा गर्ने गरी विभिन्न समुहलाई शिक्षा, सरसफाई तथा स्वच्छताका अभियान संचालन गरिनेछ।

११. आयोजनाको मर्मत सम्भारको लागि आवश्यक पर्ने नियमित मर्मत कोष उपभोक्ताहरुवाट जुटाउन खा.स.उ.स. लाई जिम्मेवार बनाईनेछ। नियमित मर्मत कोष संकलन कार्यलाई व्यवस्थित बनाउन समितिलाई १५ वर्षसम्मको विवरण अद्यावधिक राख्न मर्मत कोष विवरण पुस्तिका र हरेक उपभोक्ताको लागि महशुल भक्तानी कार्ड व्यवस्था गरिनेछ।

१२. नेवा र गाउँपालिका बीच सम्झौतामा उल्लेख भए अनुसारको समपुरक कोषको रकम चरणवद्ध रुपमा खा.स.उ.स. लाई निकासा गर्नका लागि कार्य प्रगतिको प्राविधिक मूल्यांकन तथा आवश्यक कागजात नेवाले उपभोक्ता समिति मार्फत गाउँपालिकालाई उपलब्ध गराउने छ।

१३. आयोजना शुरु हुनु पूर्व सार्वजनिक सुनुवाई तथा आयोजना सम्पन्न भएपछि खा.स.उ.स. र व.स.स. संग आयोजना सम्पन्न सहमति पत्रमा हस्ताक्षर गर्नु पूर्व सार्वजनिक परीक्षण कार्यक्रम संचालन गरिनेछ।

१४. आयोजनाको निर्माण कार्य सम्पन्न भएपछि आयोजनाको सम्पूर्ण कार्यक्रम अनुगमन पश्चात व.स.स., खा.स.उ.स. तथा नेवा बीच त्रिपक्षीय आयोजना सम्पन्न सहमति पत्रमा हस्ताक्षर गरी गाउँपालिकालाई जानकारी गराउनेछ।

१५. प्रस्तावित मुहानहरु तथा खा.स.उ.स. लाई सम्वन्धित स्थानीय तहमा दर्ता गराई खानेपानी तथा सरसफाई उपभोक्ता महासंघमा आबद्ध हुन सहजीकरण गरिनेछ।

१६. आयोजना हस्तान्तरण पछि आयोजनाको सामान्य मर्मत कार्यहरु नियमित रुपमा गर्न खा.स.उ.स.लाई सक्षम बनाईनेछ। तर ठूला मर्मत कार्यहरु गर्नुपरे स्थानीय सरकारसंगको समन्वयमा आयोजनालाई सूचारु गराई संचालन गर्न खा.स.उ.स. लाई सहजीकरण गरिनेछ।

१७. खानेपानी अभाव भएका समुदायको मागको आधारमा वडा कार्यालयको सिफारिसमा गाउँपालिकाको प्राथमिकीकरणको आधारमा विस्तृत प्राविधिक तथा सामाजिक सर्भेक्षण गरी खानेपानी तथा सरसफाइ आयोजना निर्माणमा सहयोग गरिनेछ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

NEWAH
Nepal Water for Health

६. गाउँपालिकाको जिम्मेवारीहरु:

१. आयोजनाहरुको प्रस्तावित मुहानहरुमा विवाद नभएको सुनिश्चितता गरी लिखित पत्र उपलब्ध गराईनेछ । साथै निर्माणको चरणमा मुहान सम्वन्धी आईपर्ने विवाद समाधान गरिनेछ ।

२. नेवाले जानकारी गराए अनुसारको कुल अनुमानित लागतको आधारमा नियमामुसार समपुरक कोष रकम विनियोजन गर्नेछ र सो रकम खा.स.उ.स. लाई बैंक मार्फत उपलब्ध गराईनेछ ।

३. नेवा तथा अन्य निकायबाट गरिने अनुगमन तथा मूल्याङ्कन कार्यहरुमा आवश्यक सहयोग गरिनेछ ।

४. गाउँपालिका स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन गरी आफ्नो गाउँपालिकाको सम्पुर्ण वडामा वडा स्तरिय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति (व.स.स.)गठन गरिनेछ ।

५. आयोजनाहरुमा नियुक्ति गरिएका स्थानीय कर्मचारी (आयोजना सहायक र आयोजना प्रवर्धक) लाई व.स.स.मार्फत हुने पारिश्रमिक भुक्तानी समयमै गराउन सहयोग गरिनेछ ।

६. खानेपानी तथा सरसफाइ आयोजना सञ्चालनमा आईपर्ने समस्याहरु समाधानको लागि खा.स.उ.स. लाई आवश्यक सहयोग गर्नेछ । गाउँपालिकाको तर्फबाट आयोजनाको आवश्यकता अनुसार अनुगमन गरी खा.स.उ.स., व.स.स. तथा नेवालाई आवश्यक सल्लाह तथा सुझाव दिईनेछ ।

७. निम्न बमोजिमको चरणवद्ध कार्य प्रगतिको प्राविधिक मूल्यांकन तथा अन्य आवश्यक कागजात खा.स.उ.स.ले पेश गरी भुक्तानी माग गरे पश्चात विनियोजित समपुरक कोष खा.स.उ.स. को खातामा निकासा गरिनेछ ।

| क्र.स. | चरणवद्ध कार्य प्रगति | समपुरक कोषको रकम | किस्ता |
|---|---|---|---|
| १. | एक तिहाई कार्य सम्पन्न | ३३% | पहिलो |
| २. | दुई तिहाई कार्य सम्पन्न | ३३% | दोश्रो |
| ३. | शत प्रतिशत कार्य सम्पन्न | ३४% | अन्तिम |

८. गाउँपालिका भित्र संचालन गरिने सरसफाइका अभियानमा सहभागिता जनाई पूर्ण सरसफाइयुक्त गाउँपालिका बनाउन आवश्यक सहयोग तथा सहजीकरण गरिनेछ ।

९. आयोजना शुरु हुनु पूर्व गरिने सार्वजनिक सुनुवाई तथा आयोजना सम्पन्न भएपछि खा.स.उ.स. र व.स.स. संग आयोजना सम्पन्न सहमति पत्रमा हस्ताक्षर गर्नु पूर्व गरिने सार्वजनिक परीक्षणमा न.पा. को तर्फबाट प्रतिनिधित्व गरिनेछ ।

१०. प्रस्तावित मुहान तथा खा.स.उ.स. हरु को दर्ता प्रक्रियालाई आवश्यक सहयोग गरिनेछ ।

११. आयोजनाहरुलाई गाउँपालिकाबाट स्वीकृत/अनुमोदन गराई वार्षिक योजनामा राखिनेछ ।

१२. आयोजनाहरु हस्तान्तरण पछि नियमित मर्मत सम्भारको लागि खा.स.उ.स.लाई जिम्मेवार बनाइनेछ । तर खा.स.उ.स.को आर्थिक तथा प्राविधिक क्षमता भन्दा बाहिरको मर्मत गर्नुपरेको खण्डमा आवश्यकता अनुसार आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।

१३. खानेपानी अभाव भएका समुदायको मागको आधारमा वडा कार्यालयको सिफारिसमा गाउँपालिकाले प्राथमिकीकरण गरी खानेपानी तथा सरसफाइ आयोजनाको विस्तृत सर्भेक्षणको लागि नेवालाई जानकारी गराइनेछ ।

समझदारी पत्रमा हस्ताक्षर गर्नेहरु :

| गाउँपालिकाको तर्फ वाट हस्ताक्षर गर्ने | साक्षी |
|---|---|
| नाम : राम कुमार कार्की | नाम : दुर्गा देवी सुवेदी |
| पद: प्र.प्र.अ. | पद: उपाध्यक्ष |
| हस्ताक्षर : | हस्ताक्षर : |
| सम्पर्क नं 9849049197 | सम्पर्क नं 9840583865 |

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

NEWAH
Nepal Wa...

ग्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली
बागमती प्रदेश, नेपाल
२०७३

छाप :

| नेवाको तर्फवाट हस्ताक्षर गर्ने : | साक्षी |
|---|---|
| नाम : दिनेश उप्रेती | नाम : नबिन घिमिरे |
| पद: प्रदेश प्रवन्धक | पद: पि.एम.आर. सुपरभाईजर |
| हस्ताक्षर: | हस्ताक्षर: |
| सम्पर्क नं: ९८५८०२३५३७ | सम्पर्क नं: ९८४१३३७११८ |

छाप :

वडाको तर्फ वाट साक्षीहरु

| नाम : विकल कुमार कार्की | नाम : |
|---|---|
| पद: | पद: |
| वडा नं ५ वि (वडा अध्यक्ष) | वडा नं |
| हस्ताक्षर: | हस्ताक्षर: |
| सम्पर्क नं: 9849603809 | सम्पर्क नं |

छाप :